सूचनाको हकसम्बन्धी ऐन, २०६४, को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गरेको अवधिः २०८१ माघ देखि चैत मसान्तसम्म**

**गण्डकी प्रदेश सरकार**
**सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय**
**पोखरा,**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले एकात्मक शासन पद्धति रहेको मुलुकलाई संघीय संरचनामा परिणत गरी संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको छ। प्रदेशमा प्रदेश सरकार रहने व्यवस्था अनुसार सात वटै प्रदेशमा प्रदेश सरकार मातहत विभिन्न मन्त्रालयहरुको स्थापना गरिएको छ । प्रदेश सरकार मातहत रहने विभिन्न मन्त्रालयहरु मध्ये सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय पनि एक हो । गण्डकी प्रदेशमा यस मन्त्रालयको स्थापना मिति २०७४ माघ २८ गते भएको हो । मिति २०७८ जेष्ठ ५ गते प्रदेश राजपत्रमा सूचना प्रकाशित भई साविकका मन्त्रालयको कार्य विभाजन र केही मन्त्रालयको नाम समेत परिवर्तन गरिएकोमा मिति २०८१ भदौ १६ गते गण्डकी प्रदेश सरकारको राजपत्रमा सूचना प्रकाशन भई साविकको सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयलाई समायोजन गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय कायम गरिएको छ ।

गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संसोधन सहित) अनुसार यस मन्त्रालयलाई शिक्षा, संस्कृति, विज्ञान प्रविधि, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा ,भाषा संस्कृति, पुरातत्व, श्रम तथा रोजगार, युवा तथा खेलकुद र स्वास्थ्य सम्वन्धित विषयहरुको जिम्मेवारी तोकिएको छ । मन्त्रालयले आफ्नो विषय क्षेत्र भित्रका विभिन्न कानून, नीति, मापदण्डहरु र कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिरहेको छ ।

यस मन्त्रालयको मूल उद्देश्य गण्डकी प्रदेशका जनताको शिक्षा, संस्कृति, विज्ञान प्रविधि, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा ,भाषा संस्कृति, पुरातत्व, श्रम तथा रोजगार लगायत साथै युवा तथा खेलकुद र स्वास्थ्य सम्बन्धित विभिन्न विषयको कानून, नीति, नियम, मापदण्ड निर्माण तथा कार्यक्रमको कार्यान्वयनवाट समग्र सामाजिक क्षेत्रको विकास गरी स्वस्थ शिक्षित सक्षम उद्यमशील नागरिक तयार गरी प्रदेशको विकासमा योगदान गर्दै समाजवाद उन्मुख समृद्ध प्रदेशको निर्माणमा योगदान पुर्याउनु हो ।

## २. मन्त्रालयको काम कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | काम, कर्तव्य र अधिकार |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३ | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |

| | |
|---|---|
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १० | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन |
| ११ | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| १२ | लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परीक्षण |
| १३ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| १४ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १५ | समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १६ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| १७ | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| १८ | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय |
| १९ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी |
| २० | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २१ | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| २२ | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| २३ | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण |
| २४ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| २५ | संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २७ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| २८ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| २९ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |

| | |
|---|---|
| ३० | युवा सम्वन्धी प्रदेश नीति, कानून तथा योजना तर्जमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ३१ | खेलकुद सम्वन्धी प्रदेश नीति, कानून तथा मापदण्द निर्धारण, कार्यान्वनयन र नियमन खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्धन |
| ३२ | खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन |
| ३३ | प्रदेश खेलकुद परिषद सम्वन्धी |
| ३४ | जिल्ला खेलकुद परिषद सम्वन्धी |

### ३. निकायमा रहेका पदाधिकारी तथा कर्मचारी संख्या र कार्य विवरण

| सि.नं | कर्मचारी/पदाधिकारीको नाम, थर | पद/तह/श्रेणी | महाशाखा/शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | मा.बिन्दुकुमार थापा | मन्त्री | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | |
| २ | श्री नवराज ढकाल | सचिव (रा.प.प्रथम) | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | |
| ३ | श्री प्रकाशचन्द्र ढुङ्गाना | उप-सचिव (नवौ तह) | प्रशासन तथा योजना महाशाखा | |
| ४ | श्री तोयनाथ लम्साल | उप-सचिव (दशौं) | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा | |
| ५ | श्री प्रकाश देवकोटा | उप-सचिव (नवौं ) | युवा तथा खेलकुद महाशाखा | |
| ६ | श्री भोजराज न्यौपाने | उप-सचिव (रा.प.द्बितीय) | उच्च शिक्षा तथा संस्कृति महाशाखा | |
| ७ | श्री मुना अधिकारी | उपसचिव नवौ | सामाजिक विकास महाशाखा | |
| ८ | श्री शंकर प्रसाद वराल | अधिकृत (आठौं) | खेलकुद शाखा | |
| ९ | श्री सिर्जना आचार्य | कानून अधिकृत | फैसला तथा कानून कार्यान्वयन शाखा | |
| १० | श्री अञ्जना शर्मा | शाखा अधिकृत | प्रशासन योजना तथा अनुगमन र श्रम तथा रोजगार | |
| ११ | श्री देवी शर्मा | महिला विकास अधिकृत | लैंगिक मूलप्रवाहीकरण तथा सशक्तिकरण शाखा | |
| १२ | महेश लामिछाने | प्रशासकिय अधिकृत | श्रम तथा रोजगार शाखा | |
| १३ | विष्णुकुमारी चापागाई | महिला विकास अधिकृत | बाल अधिकार तथा सामाजिक न्याय शाखा | |
| १४ | नवराज पौडेल | शाखा अधिकृत | शैक्षिक योजना तथा विज्ञान प्रविधि शाखा | |
| १२ | श्री बद्री प्रसाद वाग्ले | प्रदेश समन्वय अधिकृत | राष्ट्रिय बाल अधिकार परिषद् | |
| १३ | श्री सौगात पौडेल | ईन्जिनियर | प्रशासन योजना तथा अनुगमन शाखा | |
| १४ | श्री विक्रम रिजाल | क.अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा | |
| १५ | श्री रिता लम्साल | अधिकृत (छैठौं) | युवा शाखा | |
| १६ | श्री दिक्शा खड्का | अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| १७ | श्री दामोदर बराल | अधिकृत (छैठौं) | प्रशासन योजना तथा अनुगमन शाखा/रोजगार सुचना केन्द्र | |
| १९ | श्री शरद गुरुङ्ग | अधिकृत छैटौ | बाल अधिकार तथा सामाजिक न्याय शाखा | |
| २० | श्री जीवन शर्मा | अधिकृत छैटौ | प्रशासन योजना तथा अनुगमन शाखा | |
| | श्री गंगादेवी अधिकारी खनाल | प्रा.स. | खेलकुद शाखा | |
| | श्री चोलाकान्त सुवेदी | प्रा.स. | शैक्षिक योजना शाखा | |
| २१ | श्री अस्मिता आचार्य | सहायक पाँचौ | सूचना तथा परामर्शकर्ता | |
| २२ | श्री दीपा आचार्य | सहायक पाँचौ | मन्त्रीको सचिवालय | |
| २३ | श्री मीना थापा | सहायक चौथो | हटलाइन सेवा | |
| २४ | श्री राजेश श्रेष्ठ | स.क.अ. | रोजगार सूचना केन्द्र | |
| २५ | श्री रुद्रलाल सुवेदी | कार्यालय सहयोगी पाचौ | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २६ | केश बहादुर हमाल | हलुका सवारी चालक | मन्त्रीको सचिवालय | |
| २७ | श्री सुनिल मानन्धर | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २८ | श्री हरिप्रसाद गौतम | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २९ | श्री झक बहादुर सारु | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३० | श्री कमल बहादुर सारु | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३१ | श्री श्रीराम बराल | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३२ | श्री पूर्ण बहादुर थापा | हलुका सवारी चालक | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३३ | श्री गोर्ख वहादुर रोका | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३४ | श्री शान्ति जिरेल | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३४ | श्री बसुन्धरी पराजुली | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३५ | श्री उर्मिला जिरेल | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३६ | श्री पवित्रादेवी लामिछाने | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३७ | श्री बिष्णुमाया मगर | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |
| ३८ | श्री राजु काफ्ले | श्रेणी विहिन का.स. | प्रशासन योजना तथा अनुगमन शाखा | |

## ४. निकायबाट प्रदान गरिने सेवा

| महाशाखाको नाम | प्रदान गरिने सेवा | कैफियत |
|---|---|---|
| १. प्रशासन तथा योजना महाशाखा शाखा | | |
| (क) प्रशासन योजना तथा अनुगमन शाखा | - मन्त्रालय अन्तर्गतका सेवा समूहका कर्मचारीहरुको नियुक्ति, पदस्थापन,सरुवा, बढुवा, राजीनामा अवकाश आदिसँग सम्बन्धित कार्य गर्ने,<br>- रिक्त दरबन्दीमा पदपूर्ति प्रक्रिया अगाडि बढाउने,<br>- कर्मचारीहरुको प्रोत्साहन पुरस्कारको सिफारिस गर्ने,<br>- कर्मचारीहरुको कार्य विवरण तयार गर्ने, | |

| | | |
|---|---|---|
| | - कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने,<br>- कर्मचारीहरुको अभिलेख राख्ने,<br>- मन्त्रालयको वेभसाइट व्यवस्थापन गर्ने,<br>- मन्त्रालयका महाशाखाहरुबाट प्राप्त योजना,कार्यक्रम र प्रतिवेदन तयार गरी पेश गर्ने गराउने,<br>- मन्त्रालयवाट प्रकाशन हुने वुलेटिन र समाचारपत्रको प्रकाशनको व्यवस्था मिलाउने,<br>- जनसम्पर्क,सोधपुछ, दर्ता चलानी कार्यहरु व्यवस्थित तवरबाट सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने,<br>- सवारी साधनको परिचालन, विजुली,धारा, टेलिफोन, विद्धुतिय उपकरण, फर्निचरको आपूर्ति तथा मर्मत संभार ,<br>- मन्त्रालयका सामानको खर्च, मर्मत, लिलाम र मिनाहा सम्बन्धि कार्य गर्ने,<br>- भण्डार तथा सम्पत्तिको अभिलेख राख्ने,<br>- सूचना प्रविधि सम्वन्धी कार्यलाई व्यवस्थित गर्दै लैजाने,<br><br>- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन र रेकर्ड सम्वन्धी कार्य,<br>- माननीय मन्त्रीज्यूको सचिवालय सम्वन्धी कार्य,<br>- प्रशासन तथा योजना शाखा सम्वन्धि अन्य कार्य गर्ने । | |
| (ख) आर्थिक प्रशासन शाखा | - मन्त्रालयको साधारण बजेट तयार गर्ने,<br>- मन्त्रालय अन्तर्गतका निकायहरुलाई प्रदान गरिने अख्तियारी पत्र तयार गर्ने र खर्च सम्बन्धी नर्म्सको व्यवस्थापन गर्ने,<br>- साधारण तथा विकास वजेट निकासा सम्वन्धी कार्य नियमानुसार गर्ने,<br>- प्रशासन शाखाको सहयोग लिइ कर्मचारीको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता उपलब्ध गराउने,<br>- खर्चको श्रेश्ता राखि लेखापरीक्षण , बेरुजु फर्छ्यौट<br>- विनियोजित वजेटको अधिनमा रहि अधिकार प्राप्त अधिकारीको स्वीकृतीमा खर्च गर्ने,<br>- भए गरेका खर्चको अभिलेखिकरण गर्ने,<br>- आर्थिक प्रशासन शाखासंग सम्वन्धीत अन्य कार्यहरु गर्ने । | |
| (ग) कानून तथा फैसला कार्यान्वयन शाखा | - मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा एन नियमको मस्यौदा तयार गर्ने<br>- मन्त्रालयसँग सम्बन्धित पर्न आएका मुद्दा मामिलाहरु सम्बन्धी आवश्यक कार्य गर्ने,<br>- मन्त्रालयका सबै शाखा महाशाखाहरुलाई कानूनी राय परामर्श दिने<br>- मन्त्रालयका सूचनाहरु राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने, | |

| | | |
|---|---|---|
| | - मन्त्रालयका सवै शाखासँग समन्वय गरी नागरिक बडापत्रको व्यवस्थापन गर्ने,<br>- कानून तथा फैसलासँग सम्बन्धित अन्य कार्यहरु गर्ने । | |
| (घ) श्रम तथा रोजगार शाखा | - रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,<br>- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन गर्ने,<br>- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना तयार गरी कार्यान्वयन गर्ने,<br>- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपणको व्यवस्था मिलाउने,<br>- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमनको कार्यहरु गर्ने,<br>- सीप विकास तालिमको आवश्यकता पहिचान गरी सञ्चालनको व्यवस्था मिलाउने,<br>- श्रम तथा रोजगारसंग सम्वन्धीत अन्य कार्यहरु गर्ने । | |
| २. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा | | |
| (क) शैक्षिक योजना तथा विज्ञान प्रविधि शाखा | - प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन<br>- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन<br>- राष्ट्रिय प्रारम्भिक शिक्षा पढाइ कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,<br>- संघ,प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने शैक्षिक कार्यक्रम वीच समन्वय गर्ने,<br>- शैक्षिक विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने,<br>- निरीक्षण,अनुगमन साधन र सूचक तयार गर्ने,<br>- शैक्षिक योजना र कार्यक्रमको अनुगमन मूल्यांकन प्रतिवेदन तयार गरी प्राप्त पृष्ठपोषण अनुसार सुधार गर्ने,<br>- प्रदेशभित्रका विद्यालयमहाविद्यालयहरुको नक्सांकन गर्ने/<br>- शैक्षिक योजना, कार्यक्रम, रणनीति तयार गर्ने,<br>- शिक्षाको विकासका लागि वार्षिक कार्यक्रमहरु तयार गर्ने ,<br>- प्रस्तावित योजना तथा कार्यक्रमका लागि बजेटको प्रारुप तयार गर्ने,<br>- शिक्षा तर्फको चौमासिक, वार्षिक प्रतिवेदन तयार गर्ने,<br>- प्रदेश योजना आयोगसँग सम्बन्धित कार्यहरु गर्ने,<br>- शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अध्ययन, तुलना र विश्लेषण गर्ने,<br>- शैक्षिक योजनाहरुको विश्लेषण तर्जुमा,कार्यान्वयन र विश्लेषण,<br>- शैक्षिक नीति तथा कार्यक्रमको नीतिगत अध्ययन अनुसन्धान गर्ने,<br>- शिक्षामा भौतिक सुधार कार्यक्रमको व्यवस्थापन गर्ने , | |

| | | |
|---|---|---|
| | - विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा सहजिकरण सम्वन्धी कार्य,<br>- शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उपायहरु खेजि गरी सुझाव दिने,<br>- शैक्षिक योजना र अनुगमन मूल्याङ्कन सम्वन्धि अन्य कार्यहरु गर्ने । | |
| (ख) विज्ञान, प्रविधि र प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा | - प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन<br>- विद्यालय तथा प्राविधिक शिक्षा तर्फको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण सम्वन्धी कार्य,<br>- प्राविधिक तथा व्यावसायिक तालिम परिषद र यस सम्बन्धी अन्य संस्थाहरुलाई व्यवस्थापकिय सहयोग गर्ने,<br>- प्राविधिक तथा व्यवसायिक शिक्षाका प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुगमन मूल्यांकन र यसको नियमन तथा सुशासन सम्वन्धी कार्य गर्ने,<br>- प्राविधिक तथा व्यवसायिक शिक्षा सम्वन्धि अन्य कार्यहरु गर्ने । | |
| ३. उच्च शिक्षा तथा संस्कृति महाशाखा | | |
| (क) उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा | - प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन<br>- आधारभूत तथा माध्यामिक तहको शिक्षा सम्बन्धी नीति नियम,निर्देशनको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने,<br>- मन्त्रालय , विश्वविद्यालय र महाविद्यालयको सम्पर्क माध्यमका रुपमा काम गर्ने,<br>- विभिन्न तहको परीक्षाको व्यवस्थापन,विश्लेषण र समन्वय गर्ने गराउने<br>- शिक्षक तालिम कार्यक्रमको नीति नियम तयारी र कार्यान्वयनको व्यवस्था मिलाउने,<br>- उच्च शिक्षासँग सम्बन्धित अन्य कार्यहरु गर्ने । | |
| (ख) भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा | - प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>- विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन<br>- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन | |

| | | |
|---|---|---|
| | - प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण<br>- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन<br>- संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन सम्वन्धी कार्य<br>- भाषा संस्कृति र पुरातत्व सम्वन्धि अन्य कार्यहरु गर्ने । | |
| ४. सामाजिक विकास महाशाखा | | |
| (क) लैङ्गिक शसक्त◌ीकरण तथा मूलप्रवाह◌ीकरण शाखा | - महिला हक सम्बन्धि प्रादेशिक नीति ,कानून, मापदण्ड तथा योजना तर्जुमा ,कार्यान्वयन र नियमन सम्बन्धि कार्य गर्ने।<br>- महिला बालबालिका ,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति र लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको तथ्याङ्क संकलन गर्ने ।<br>- लैङ्गिक हिंसा ,मानव बेचबिखन ◌ा ओसारपोस सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि ,सम्झौता र प्रतिबद्धताको कार्यान्वयन ,निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्थापना गर्ने ।<br>- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धि अनुगमनअनुसन्धान।<br>- लैङ्गिक उत्तरदायि बजेट निर्माण र लैङ्गिक परिक्षण सम्बन्धि कार्य गर्ने।<br>- सामाजिक विकास महाशाखा अन्तर्गत बार्षिक प्रगति प्रतिबेदन तयार गर्ने। | |
| (ख) बालअधिकार तथा सामाजिक न्याय शाखा | - बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बालउद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना सम्वन्धि कार्य गर्ने ।<br>- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।<br>- समाज कल्याण र संघ संस्था सम्बन्धि कार्यहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने। | |

| | | |
|---|---|---|
| | - लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।<br>- सामाजिक सुरक्षा सम्बन्धि प्रादेशिक नीति ,कानून ,मापदण्डको निर्माण तथा कार्यान्वयन,कोष व्यवस्थापन ,नियमन ,राष्ट्रिय र प्रादेशिक ,स्थानिय तह तथा संघ संस्थासंग सम्पर्क ,समन्वय र सहकार्य।<br>- बालअधिकार तथा सामाजिक न्यायसंग सम्वन्धीत कार्यहरु गर्ने । | |
| (ग) युवा तथा खेलकुद महाशाखा | - युवा सम्वन्धी प्रदेश नीति, कानून तथा योजना तर्जमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन<br>- खेलकुद सम्वन्धी प्रदेश नीति, कानून तथा मापदण्द निर्धारण, कार्यान्वनयन र नियमन खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवद्धन<br>- खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन<br>- प्रदेश खेलकुद परिषद सम्वन्धी<br>- जिल्ला खेलकुद परिषद सम्वन्धी<br>- प्रदेशमा युवा तथा खेलकुद सम्वन्धी अन्य गतिविधिहरु सञ्चालन गर्ने | |

**५. सेवाप्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

मन्त्रालयका महाशाखाहरु र जिम्मेवार कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छ ।

| सि.नं. | महाशाखाको नाम | महाशाखा प्रमुख | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन तथा योजना महाशाखा | श्री प्रकाशचन्द्र ढुङ्गाना | |
| २. | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा | श्री तोयनाथ लम्साल | |
| ३. | उच्च शिक्षा तथा संस्कृति महाशाखा | श्री भोजराज न्यौपाने | |
| ४. | सामाजिक विकास महाशाखा | श्री मुना अधिकारी | |
| ५ | युवा तथा खेलकुद महाशाखा | श्री प्रकाश देवकोटा | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सेवाको किसिम र प्रकृति नागरिक बडापत्र बमोजिम हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

| सि.नं | निर्णय | निर्णयकर्ता | कैफियत |
|---|---|---|---|
| १ | महाशाखागत कार्य | महाशाखा प्रमुख | |
| २ | मन्त्रालयको समग्र प्रशासनिक विषय | सचिव | |
| ३ | नीतिगत निर्णय | माननीय मन्त्री | |

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

प्रमुखः श्री नवराज ढकाल

पदः प्रदेश सचिव

**९. प्रवक्ताः-**

नामः- तोयनाथ लम्साल

पदः-उपसचिव ( दशौं तह)

**१०. गुनासो सुन्ने अधिकारी**

नामः- भोजराज न्यौपाने

पदः-उपसचिव (रा.प द्धितीय तह)

**११. सूचना अधिकारी र प्रमुखको नाम र पद**

प्रमुखः श्री नवराज ढकाल

पदः प्रदेश सचिव

सूचना अधिकारीः श्री अञ्जना शर्मा
पदः शाखा अधिकृत

**१२. प्रमुख उपलव्धिहरु**

**शैक्षिक योजना तथा विज्ञान प्रविधि तर्फ**

- २०८१/११/०२ अभिभावक शिक्षा सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम होटल दिपसागर पोखरामा सम्पन्न।
- २०८१/११/०२ अभिभावक शिक्षा श्रोत सामाग्री वेभसाइटमा प्रकाशन।
- २०८१/११/०९ बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- २०८१/११/२७ आईसिटी बुट क्याम्प म्यान्युअल प्रकाशन।
- २०८१/११/२८ बालिका तथा समावेशि शिक्षा संजाल गठन तथा परिचालन मापदण्ड,२०८१ प्रकाशन।
- २०८१/१२/०४ आईसिटी बुट क्याम्प सञ्चालन तथा व्यावस्थापन मापदण्ड प्रकाशन।
- २०८१/१२/१९ अनुसन्धान सहायताको लागि ६ जना विद्यार्थीहरू र ८ जना अध्यापकहरूसँग असार १५ गतेसम्म अनुसन्धान कार्यको प्रतिवेदन बुझाउने गरी सम्झौता सम्पन्न।
- २०८१ चैत २० एसओएस हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समूहका बालबालिकाहरूका लागि छात्रवृद्धि अनुदान को पहिलो किस्ता फछ्यौंट गरि दोस्रो किस्ता भुक्तानी।
- २०८१ चैतको अन्तिमसम्म **"गण्डकी प्रदेशका सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र प्रयोगको अवस्था"** विषयको अनुसन्धान को प्रतिवेदनको डाटा विश्लेषण भैरहेको।

**सामाजिक विकास तर्फ**

- लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरकृया एवम् समिक्षा कार्यक्रम १ पटक सम्पन्न ।
- शारिरीक अपाङ्गता भएका व्यक्तिहरुको लागि केयर टेकर व्यवस्थापनका लागि राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँग कार्यक्रम सम्झौता ।
- बहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार सहजिकरणमा सहयोग पुऱ्याउन दोभाषे व्यवस्थापनका लागि राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँग सम्झौता ।
- महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिकसँग सम्बन्धित विभिन्न दिवसीय कार्यक्रमहरु संचालन ।
- अटिजम भएका बालबालिकाहरुको क्षमता विकास तथा सिकाई अभ्यासमा सहयोग पुऱ्याउनका लागि अटिजम केयर सोसाइटी गण्डकीलाई कार्यक्रम संचालन अनुदान ।
- मन्त्रालयमा लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा संचालन ।
- हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल वैठक संचालन ।
- प्रदेश आपत्कालिन उद्धार कार्यक्रमको सूचना प्रकाशन ।
- प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको १ वटा वैठक सम्पन्न।
- प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालनका लागि राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँग कार्यक्रम सम्झौता ।
- बालप्रतिभा पहिचान कार्यक्रम अन्तर्गत प्रदेशस्तरीय निवन्ध लेखन कार्यक्रम संचालन ।
- प्रदेश बाल परिषद् वैठक १ पटक सम्पन्न ।
- बालबालिकाहरुको लागि प्रदेशस्तरीय क्षमता विकास कार्यशाला कार्यक्रम संचालन गरिएको । जसमा ११ वटै जिल्लाका ३० जना बालबालिकाहरु लाभान्वित भएका ।
- बालबालिकासँग मुख्यमन्त्री कार्यक्रम संचालन गरिएको। जसमा ११ वटै जिल्लाका बालबालिकाहरुले माननीय मुख्यमन्त्रीसँग साक्षात्कार हुनुका साथै बालबालिकाका सवालमा केन्द्रित विभिन्न प्रश्नहरु गरि माननीय मुख्यमन्त्रीज्यूबाट उत्तर दिने कार्य भएको ।
- प्रदेशस्तरमा शिशु स्याहार केन्द्र संचालनको लागि कार्यविधि तर्जुमा भई मन्त्रालय, पोखरा महानगरपालिका कास्की र श्रीराम आधारभूत विद्यालयसँगको समन्वय तथा सहकार्यमा श्रीराम आधारभूत विधालय पोखरा महानगरपालिका वडा नं. ८ कास्कीमा संचालन गर्ने गरी पूर्वाधारको कार्य सम्पन्न भई संचालनको अन्तिम चरणमा रहेको ।
- प्रदेश बाल परिषद् पुनर्गठन गरी तेस्रो कार्यकालका लागि नयाँ समिति चयन गरिएको ।
- प्रदेशस्तरमा शिशु स्याहार केन्द्र संचालनको लागि कार्यविधि तर्जुमा भई मन्त्रालय, पोखरा महानगरपालिका कास्की र श्रीराम आधारभूत विद्यालयसँगको समन्वय तथा सहकार्यमा श्रीराम आधारभूत विधालय पोखरा महानगरपालिका वडा नं. ८ कास्कीमा दिवा शिशु स्याहार केन्द्रको उदघाट्न कार्यक्रम तथा दिवा शिशु स्याहार केन्द्र सञ्चालन ।
- न्यायमा पहुँच अभिवृद्धिको लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय सञ्जालका सदस्यहरुसँग परामर्श कार्यशाला सम्पन्न।गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट क्रियाशिल रुपमा वकालत गरिरहनुभएका महिला अधिवक्ता तथा तत्कार उद्दार समन्वय सञ्जालका सदस्यहरु सहभागी ।

- एकल महिलाहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको। गण्डकी प्रदेशका विभिन्न जिल्लामा रहेका एकल महिलाहरु सहभागी ।
- अन्तराष्ट्रिय महिला दिवसको अवसरमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको समन्वयमा प्रभातफेरी लगायत कार्यक्रम सम्पन्न ।
- प्रदेश स्तरीय अपाङ्गता निर्देशन समितिको बैठक सम्पन्न (२ पटक) ।
- अपाङ्गता भएका व्यक्तिको लागि सशक्तिकरण कार्यक्रमका लागि सुचना प्रकाशन एवम् उक्त कार्यक्रम अन्तर्गत पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिका अभिभावक वा हेरचाह गर्ने व्यक्तिको लागि हेरचाह तथा स्याहार गर्ने सीप तथा क्षमता विकास कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि वैयक्तिक सहयोगी तालिम, अपाङ्गता भएका महिलाहरुलाई प्रजनन स्वास्थ्य शिक्षा र कानुनी सचेतना सम्बन्धी कार्यक्रम, दृष्टि सम्बन्धि अपाङ्गता भएका विद्यार्थीहरु अध्ययन गर्ने स्रोत विद्यालयका शिक्षक र विद्यार्थीहरुका लागि सहायक प्रविधि/सामाग्री को प्रयोग र कानुनी सचेतना सम्बन्धी अभिमुखिकरण कार्यक्रम, सांकेतिक भाषा सञ्चारको लागि दोभाषे तालिम (आवासीय) सञ्चालन, तथा अपाङ्गता भएका व्यक्ति तथा अभिभावकको आर्थिक सशक्तीकरण कार्यक्रम (सीपमूलक तालिम संचालन, व्यावसाय सुरुवातका लागि सहयोग अनुदान, व्यावसाय दर्ता र बजारीकरण सहजिकरण समेत) सञ्चालनका लागि संस्था छनौट एवम् छनौट भएका संस्थासँग कार्यक्रम सञ्चालनको लागि सम्झौता सम्पन्न ।
- नेपाल प्रहरीसँगको सहकार्यमा लैंगिक हिंसा पिडितको अनुसन्धान कार्यमा संलग्न प्रहरी जनशक्तिको क्षमता विकास कार्यक्रमको लागि गण्डकी प्रदेश प्रहरी कार्यालयसँग सम्झौता सम्पन्न ।
- लैंगिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा निरन्तर ।
- लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया एवम् समिक्षा कार्यक्रम सम्पन्न (१ वटा) ।
- महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रविधी सहयोग कार्यक्रम सञ्चालनका लागि महिला उद्यमी समूह तथा महिला उद्यमीसँग सम्झौता सम्पन्न ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सुचना प्रकाशन ।
- गण्डकी प्रदेशमा अपाङ्गता अधिकार सम्बन्धी विधेयक तथा गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धी विधेयकको सरोकारवालासँगको छलफल तथा विधेयक प्रदेश सभा पेश

**(घ) युवा तथा खेलकुद तर्फ**

- स्वस्थ्य जीवन शैली अपनाउनका लागि योग तथा ध्यानको कार्यक्रम २८ पालिकामा पालिकाको सहकार्यमा सम्पन्न भएको ।
- मन्त्रालय र नेपाल युवा परिषद विच लागत साझेदारीमा प्रदेश युवा सम्मेलन २०२४ आयोजना भएको जसमा प्रदेश भरिका विधिन्न क्षेत्रका १६० जना युवाहरुको सहभागिता रहेको सम्पन्न भएको ।
- सामाजिक उत्तरदायित्व अध्ययन केन्द्र पोखरा र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय विच युवाको क्षमता तथा नेतृत्व विकास कार्यक्रम सम्पन्न भएको ।
- युवा क्लव प्रशिक्षण र परिचालन अन्तर्गत म्याग्दी जिल्ला विभिन्न क्लबका २५ जना पदाधिकारीहरुका लागि दुई दिने प्रशिक्षण कार्यक्रम भएको ।
- कर्मचारी मिलन केन्द्र पोखराको सहकार्यमा प्रदेश स्तरीय योग ध्यान सम्पन्न भएको

- स्वस्थ्य जीवन शैली अपनाउनका लागि जीवन विज्ञान परिषदसँग गण्डकी स्वजागरण सम्पन्न भएको ।
- नेपाल स्काउट सम्वन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम पर्वतको महाशिला र पोखरामा गरी जम्मा २५ जना पुरुष तथा २४ जना महिलाका विटिसी तालिम सम्पन्न भएको
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी ६ जना खेलाडीहरुका लागि खेलकूद प्रतियोगितामा सहभागी हुदाँको आतेजाते खर्च रकम सहयोग गरिएको ।
- युवा क्लव तथा खेलकुद सम्वन्धी संस्थाहरुका लागि खेलकुद सामाग्री प्रोत्साहन कार्यक्रम खरिद प्रक्रियाको अन्तिम चरणमा पुगेको
- लागु औषध दुर्व्यसन विरुद्धको कार्यक्रममा विभिन्न पुर्नस्थापना केन्द्रमा कार्यरत २५ जना मनोपरामर्श कर्ताहरुलाई ५ दिनको मनोपरामर्श सम्बन्धी प्रशिक्षण कार्यक्रम र लागु औषध सम्बन्धी अभिमुखीकरण कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ३ वटा संस्था छनोट भएका
- प्रदेश स्तरको क्रिकेट मैदान निर्माण लागि विनियोजित रकम शुक्लागण्डकी नगरपालिकमा वितिय हस्तान्तरणको प्रक्रिया अगाडि बढाइएको।
- अन्तराष्ट्रिय क्रिकेट खेल मैदान निर्माणको जग्गा प्राप्तिको माननीय प्रकाश बरालको नेतृत्वमा सर्च कमिटि गठन गरी प्रतिवेदन दिने क्रममा रहेको ।
- उच्च उचाई खेलमैदानका लागि आवश्यक जग्गा प्रदेश खेलकूद परिषदका नाममा उपभोग/ भोगाधिकारका लागि प्रक्रिया अगाडी बढाइएको ।
- गण्डकी प्रदेश युवा परिषद(गठन) आदेश २०८१ को मस्यौदा तयार गरी आर्थिक मामिला मन्त्रालयमा राय/सहमतिका लागि पठाइएको ।
- दलित युवाहरुको उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत १७ जना उद्यमीहरुसँग सम्झौता गरिएमा १३ वटा संस्थाहरुले गरेको कामको अनुगमन गरिएको

**(घ) प्रशासन तथा योजना तर्फः**

वित्तिय साक्षरता सम्बन्धी कार्यक्रम सम्पन्न भईसकेको
सुशासन प्रबर्द्धन सम्बन्धी कार्यक्रम सम्पन्न भएको

## १३. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण

- www.mosd.gandaki.gov.np

## १४. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग

- नभएको

## १५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको

| सूचना मागको निवेदन संख्या | फर्छ्यौट | कैफियत |
|---|---|---|
| ९ | ९ | आ.व २०८१/०८२ |

## १६ . सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- मन्त्रालयका सूचनाहरु मन्त्रालयको सूचना पाटी, स्थानीय देखि राष्ट्रिय पत्रपत्रिकाहरु र मन्त्रालयको वेवसाईट www.mosd.gandaki.gov.np मा समेत प्रकाशन गर्ने गरिएको छ ।